फोन नं.०७८-५२०१९५
Email:-tahasil.dcnawalparasi@supremecourt.gov.np

श्री

# नवलपरासी जिल्ला अदालत

परासी

(तहसिल शाखा)

प.सं.- २०८१।०८२

सर्वसाधारणका निमित्त जारी भएको यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरु लिलाम बिक्री गर्ने प्रथम पटकको गोप्य शिलबन्दी दरभाउपत्र आह्वान बारेको अत्यन्त जरूरी

## सूचना

सूचना प्रकाशित मितिः- २०८२।०३।१७

उपरोक्त सम्वन्धमा यस अदालतमा बिभिन्न मुद्दाहरूमा विभिन्न मितिमा अभियोग पत्रसाथ दाखिल हुन आएका जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरू मध्ये फैसला हुँदा जफत हुने ठहरेका, सम्बन्धित सवारी धनीलाई फिर्ता दिने ठहर भएका, फैसलामा जफत वा फिर्ता दिने भन्ने बिषयमा नबोलिएका सवारी साधनहरू लामो समयसम्म त्यसै राख्दा खिया लागी, टुटी फुटी, सडी गली वा अन्य कुनै कारणबाट नोक्सान हुन जाने वा पछी प्रयोगमा आउन नसक्ने र सवारी साधनको ह्रासकट्टी भई मुल्य कम हुदै जाने समेतका कारणबाट ती सवारी साधनहरूको व्यवस्थापन गर्ने प्रयोजनका लागि फैसलामा सवारी धनीले फिर्ता पाउने ठहरी फैसला भएको हकमा सवारी साधन फिर्ता लिन आउनु भनी यस अदालतबाट मिति २०८२।२।२७ मा सार्वजनिक रुपमा ७ (सात) दिने सूचना जारी गरेकोमा सो सूचनाको अवधिभित्र फिर्ता लिन नआएका र मिति २०८२।०३।१६ मा मुल्याङ्कन समितिबाट कायम भएको न्युनतम मुल्याङ्कन बमोजिम देहाएमा उल्लिखित दशीका सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १५, कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ समेतको आधारमा शिलबन्दी दरभाउपत्रद्वारा एकमुष्ट लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरुबाट देहाय बमोजिमको सर्तहरुको अधिनमा रही रीतपुर्वकको गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## शर्तहरु

१. शिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिन अर्थात मिति २०८२।०३।३१ गतेसम्म कार्यालय समयभित्र रु.१,०००।- (फिर्ता नहुने गरी) यस अदालतमा नगदै राजश्व तिरी तहसिल शाखाबाट खरिद गर्न सकिनेछ। दरभाउपत्र खरिद गर्न दिने निवेदनसाथ नेपाली नागरिकताको प्रमाणपत्र, कुनै फर्म वा संस्था भए नविकरण सहितको संस्था वा फर्म दर्ताको

प्रमाण पत्र र गत आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपी साथै पेश गर्नु पर्नेछ ।

२. खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन अर्थात मिति २०८२।०३।३२ गते दिनको १२.०० बजेसम्ममा यस अदालतको नाममा सम्बोधन गरी दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई नेपाली कागजको खाममा शिलबन्दी छाप लगाई तहसिल शाखामा दर्ता गराउनु पर्नेछ, दरभाउपत्र दाताले आफूले कबोल गरेको अंकको (मुल्य अभिवृद्धि कर १३% र अग्रिम आयकर १.५ प्रतिशत समेत थप गरी) १० प्रतिशतले हुने रकम मिति २०८२।०३।३१ सम्ममा कोष तथा लेखा नियन्त्रक कार्यालयको नाउँमा राष्ट्रिय बाणिज्य लिमिटेड शाखा कार्यालय परासीमा रहेको खाता नं. ३१००१००१०२०३०००० को यस अदालतको कार्यालय कोड नं.२०४९७४७०१ मा बुझाई सोको भौचर रसिद शिलबन्दी भित्र राखी दरभाउपत्र पेस गर्नु पर्नेछ।

३. लिलाम सम्पन्न हुँदा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति वा फर्म बाहेक अन्यको धरौटी रकम कानुन बमोजिम फिर्ता हुनेछ।

४. दर्ता भएका दरभाउपत्रहरु मिति २०८२।०३।३२ गते दिनको १.०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधीहरु र यस अदालतका प्रतिनिधीहरुको रोहवरमा यस अदालतको तहसिल शाखामा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने दाखिल गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. बोल कवोल गर्नेले प्रत्येक सवारी साधनहरुको पृथक पृथक मूल्य राखी सम्पूर्ण सवारी साधनहरुको एकमुष्ट मूल्य समेत खुलाउनु पर्नेछ।

६. दरभाउपत्रमा बोल कवोल अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक वा अंक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। म्याद नाघी वा रित नपुगी आएका दरभाउपत्रको कुनै कारवाही गरिने छैन। एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिल गर्न पाईने छैन।

७. दरभाउपत्र दाताहरुले पेश गरेका शिलबन्दी दरभाउपत्रहरुबाट सम्पूर्ण सवारी साधनहरुको एकमुष्ट मूल्यलाई आधार मानी अधिकतम् बोल कबोलको आधारमा अधिकतम कबोल गरी प्रथम हुनेलाई मान्यता दिईनेछ ।सोही दरभाउपत्रमा उल्लिखित सवारी साधनहरुको मूल्य मान्य हुनेछ। अधिकतम अंक कबोल डॉक सकार गरी लिनेले सात दिन भित्र बाँकी ९०% र मुल्य अभिवृद्धि कर १३% र अग्रिम आयकर १.५ प्रतिशत समेत दाखेला गरी ७ दिन भित्र सवारी साधनहरु लैजानु पर्नेछ । उक्त समय भित्र अधिकतम कवोलकर्ताले दाखिला गर्नुपर्ने बाँकी रकम दाखिला नगरेमा धरौटी वापत राखेको १० प्रतिशत रकम कानून वमोजिम जफत गरी पुनः डाकँ लिलाम सूचना प्रकाशित गरिनेछ।

८. सवारी साधानहरुको न्यूनतम मुल्याङ्कन भन्दा घटी लेखी ल्याएमा उक्त दरभाउपत्रलाई मान्यता दिईने छैन ।

९. कैफियतमा SCRAP भनी उल्लेखित सवारी साधनहरु पुनः प्रयोग गर्न पाईने छैन। लिलाम भएका सवारी साधनहरु उठाई लैजादाँ लाग्ने ज्याला तथा कानून बमोजिम अन्य दस्तुर र सावरी साधन दर्ता गर्दा लाग्ने नियमानुसारको शुल्क दरभाउ पत्रदाताले आफै तिर्नुपर्नेछ ।

१०. रित नपुगेको र दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय पछि पेस गरिने दरभाउपत्रलाई कुनै मौका दिईने र लिलामी प्रक्रियामा सहभागी गराईने छैन ।

११. अन्य कुरा प्रचलित कानूनबमोजिम हुनेछ। लिलामी सवारी साधनहरुको एकमुष्ट रकम रु.१५,९५,७००।- (पन्ध्र लाख पन्चानब्बे हजार सात सय रुपैंया) रहेको छ। उक्त सवारी साधनहरु फैसलाले फिर्ता पाउने भई लिलाम मितिसम्ममा फिर्ता भएमा फिर्ता भएका सवारी साधनहरुको कायम भएको लिलाम मूल्य घटाई बाँकी सवारी साधानहरु लिलाम हुनेछ।

१२. दरभाउपत्र दाताहरुले लिलाम हुने सवारी साधानहरु कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा आई हेर्न सकिने छ।

१३. यसै बमोजिमको सूचना सम्मानित सर्वोच्च अदालतको Web Sit www.supremecourt.gov.np र यस अदालतको Web Site www.supremecourt.gov.np/nawalparasi मा गई सवारी साधनको विस्तृत विवरण हेर्न सकिनेछ ।

१४. दरभाउ पत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस अदालतमा सुरक्षित रहने छ ।

पुनश्चः- फैसलाले फिर्ता पाउने ठहर भई फैसला भएका सवारी साधनहरु फिर्ता लिन चाहेमा आफ्नो हक दावी पुग्ने प्रमाण सहित मिति २०८२।०३।३१ गतेसम्म सम्बन्धित सवारी धनी वा निजको एकाघरको सदस्य समेतले आफ्नो परिचय खुल्ने कागजात प्रमाण सहित उपस्थित भई यस अदालतमा दावी पेस गर्न आउनुहोला ।

(विनोद कुमार कार्की)

तहसिलदार

**तहसिलदार**
**(शाखा अधिकृत)**

श्री नवलपरासी जिल्ला अदालत

लिलाम हुने सवारी साधनहरुको विवरण

| सि.नं. | मुद्दा नं. | जिन्सी नम्वर | सवारी साधन नं. | मेक/मोडेल | स्पेसिफिकेशन( चेचिस नं. र इन्जिन नं. | | वनेको साल (इ.स) | क्षमता (सि सि.) | रंग | समितिले निर्धारण गरेको न्यूनतम मुल्याँकन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | चेचिस नंवर | इन्जिन नंवर | | | | | |
| १ | 072-CR-0423 | १०१३ | बा १४ प ९१५२ | Yamaha | 02K5US-014242 | 5USO14242 | 2002 | 123.7 | कालो | ४,०००।- | SCRAP |
| २ | 080-c1-0065 | १४२८ | UP 56K 1739 | Bajaj | MD2A11CZ7DCA22452 | DHZCDA13336 | २०१३ | 150 | रातो | ४२,०००।- | नामसारी हुने |
| ३ | 080-c1-0147 | १४५४ | लु ४४ प १५४२ | Sujuki/Gixer | MB8NG4BABJ8333678 | BGA1479221 | २०१८ | 125 | निलो | ६५,०००।- | नामसारी हुने |
| ४ | 078-c2-0020 | १३४४ | लु १६ प ३७२९ | Hero/Splendor | MBLHA10ASD9G10295 | HA10ELD9G09971 | 2013 | 100 | निलो | ३५००।- | SCRAP |
| ५ | 075-C1-0141 | ११७६ | ना ८ प २६०९ | Bajaj/Pulsar | MD2DHDHZZPCG52064 | DHGBPG91600 | 2007 | 150 | | ४२००।- | SCRAP |
| ६ | 076-C1-0185 | १३५६ | UP 56 M 58९4 | Bajaj/Pulsar | MD2A11CZ4DCG24399 | DHZCDG04895 | 2012 | 150 | | ४५००।- | SCRAP |
| ७ | 078-c1-0057 | १३१७ | लु ५२ प ९९५१ | Flgijet/ningbo hongj | 24HBPVNL1K6000017 | 2V49FMMRJ1795134 | 2019 | 248.9 | | १,६५,०००।- | नामसारी हुने |
| ८ | 078-c2-0008 | १३५७ | लु २ प ८३८४ | Hero Honda | 03G20C11367 | 03G18M10604 | 2003 | 97 | कालो | ३२००।- | SCRAP |
| ९ | 078-c1-0038 | १४१२ | लु ३० प १५९ | Honda/shine | ME4JC651JG7431060 | JC65E70644099 | 2016 | 125 | | ३५,०००।- | नामसारी हुने |
| १० | 077-c1-0183 | १३०० | UP 56 M 6939 | TVS | MD625SF47E1B67730 | CF4BE1066750 | 2014 | 125 | रातो | २२,०००।- | नामसारी हुने |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | 077-c1-0116 | १२८० | ग ५ प ७०८३ | Bajaj/Pulsar | MD2DHDJZZTCB58071 | DJGBTB87873 | 2010 | 180 | निलो | ४,५००।- | SCRAP |
| १२ | 077-c1-0007 | १२४५ | ना ३१ प २३४१ | Yamaha ZF | ME11CK041E2015470 | 1CK4015468 | 2014 | 150 | रातो सेतो | ३२,०००।- | नामसारी हुने |
| १३ | 079-c1-0133 | १३९६ | लु ११ प ५५३० | Honda/shine | ME4JC36CKB8326150 | JC36E2501266 | 2011 | 124.6 | कालो | ३,४००।- | SCRAP |
| १४ | 079-c1-0005 | १३५८ | लु ४ प३१७५ | Bajaj/Pulsar | MD2DHDHZZNCK80860 | DHLJB8JK19057 | 2007 | 143.9 | कालो | ४,०००।- | SCRAP |
| १५ | 080-c1-0054 | १४२६ | UP 52 AD 1022 | Hero /Hadeluxe | MBLHA11ALE9J11053 | HA11EJE9J10807 | 2014 | 97.2 | कालो | १८,०००।- | नामसारी हुने |
| १६ | 080-c1-0079 | १४३३ | लु ११ प २९३६ | Bajaj/Discover | MD2DSJZZUWF53215 | JZMBUF72162 | 2011 | 124.6 | कालो रातो | २२,०००।- | नामसारी हुने |
| १७ | 077-c1-0030 | १२५८ | UP 53 AJ 0277 | Hero Honda | 07L05C53674 | 07L05M36836 | | 100 | कालो कलेजी | ३,२००।- | SCRAP |
| १८ | 077-c1-0163 | १२९१ | लु २१ प १९८६ | Bajaj/Pulsar | MD2A138Z2ECH-87479 | DKZCCH-80514 | २०१४ | 220 | कालो | ३६,०००।- | नामसारी हुने |
| १९ | 072-CR-0534 | १०३२ | ना ३४ प ९९५ | महेन्द्र | MCDRD1BIVEJL09399 | MDE-EL014107 | 2014 | 124.7 | कालो रातो | २२,०००।- | नामसारी हुने |
| २० | 073-CR-0183 | १०७० | लु ५ प ६२९० | Yamaha/FZ16 | ME121C01582010549 | 21CG1019104 | 2008 | 153 | रातो | ३,८००।- | SCRAP |
| २१ | 073-CR-0085 | १०६० | लु २३ प ९७५१ | Bajaj/Pulsar | MD2DHJCZZRCB10575 | JCGBRB13720 | 2008 | 198.84 | रातो | ४,२००।- | SCRAP |
| २२ | 080-c1-0044 | १४२१ | UP 56 V 5788 | Honda/SP | ME4JO731AHT058422 | JC73E-T-0097999 | 2016 | 125 | कालो | ३८,०००।- | नामसारी हुने |
| २३ | 080-c1-0133 | १४५० | लु २ प १२५६ | Hero/splender | 00M20C00166 | 00L18M37882 | 2000 | 97.2 | कालो | ३,२००।- | SCRAP |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | 079-c1-0061 | १३७६ | लु ५२ प ४६४ | Honda/Dio | ME4JF39JEKA003377 | JF39EA1005174 | 2019 | 110 | हरियो | ३८,०००।- | नामसारी हुने |
| २५ | 075-C1-0117 | ११७२ | UP 14 BD 0043 | Maruti Sujuki | MA3FSEB1SOO292324 | D13A1458554 | 2010 | 1248 | सेतो | ३,७५,०००।- | नामसारी हुने |
| २६ | 079-c2-0021 | १३८३ | लु १ च ७५८२ | Bolero Camper SC XL FB | MA1ZN2GHK1H65385 | GHF1H46619 | 2015 | 2523 | सेतो | ४,७५,०००।- | नामसारी हुने |
| २७ | 079-c1-0066 | १३७९ | लु १ ह ३१९८ | हुलास अटो क्राप्ट (भाडाको टेम्पो) | MD2A25BY2KWD72872 | AZYWKD92268 | 2019 | | निलो | १,६५,०००।- | नामसारी हुने |